महाङ्काल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोटिखेल, ललितपुर

३ नं. प्रदेश नेपाल

पत्र संख्या :-२०७६/०७७

चलानी न. :- ६१४

मितिः २०७६।०९।०३

विषयः प्र.अ. व्यवस्थापनका लागि पुनः दोस्रो पटक सूचना प्रकाशित गरिएको बारे ।
(प्रथम पटक सूचना प्रकाशित मिति २०७६।०८।१३)

श्री महाङ्काल गाउँपालिका अन्तरगत सञ्चालित सबै सामुदायिक विद्यालयहरु ।
महाङ्काल गाउँपालिका , गोटिखेल , ललितपुर ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तरगतका सबै तहका सामुदायिक विद्यालयहरुमा प्र.अ.व्यवस्थापनका लागि मिति २०७६।०८।३० गते सम्मको म्याद राखि मिति २०७६।०८।१३ गते ईच्छुक शिक्षकहरुबाट निवेदन दिन सूचना प्रकाशन गरिएकोमा प्र.अ.व्यवस्थापन समितिको मिति २०७६।०९।०२ गते बसेको बैठकबाट तपशीलका कार्यहरुका लागि पुनः दोस्रो पटक ७ दिने (मिति २०७६।०९।१० गते सम्म ) सूचना प्रकाशित गर्ने निर्णय भएको हुदा सो प्रयोजनमा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशीलः

१ – प्रथम पटक प्रकाशित सूचना अनुसार प्र.अ.पदका लागि निवेदन दिएका शिक्षकहरुले न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता , स्थायी नियुक्ति पत्र , तालिम र सम्वन्धित पक्षबाट मूल्याङ्कन भई प्राप्त प्रामाङ्क तालिकाका साथै निवेदनमा उल्लिखित विवरण पुष्टी गर्ने कागजातहरु अपुग भए अनिवार्य रुपले पेश गर्ने र छुट भएका विद्यालयका शिक्षकहरु र ईच्छुक अन्य विद्यालयका शिक्षकहरुले समेत निवेदन दिन चाहेमा विद्यालय विकास प्रस्ताव र उल्लिखित कागजातहरु सहित निवेदन दिन सक्ने ।

२ – निवेदन साथ पेश भएको विद्यालय विकास प्रस्ताव ( पूर्णाङ्क १० ) सम्बन्धित निवेदक शिक्षकले परिमार्जन गरी पेश गर्न चाहेमा परिमार्जित विद्यालय विकास प्रस्ताव पेश गर्न सक्ने ।

३ – विद्यालयल व्यवस्थापन समितिको मूल्याङ्कनबाट प्रदान गर्ने शिक्षकको नेतृत्व क्षमता (पूर्णाङ्क५) वापतको अङ्क र शिक्षकहरुको मूल्याङ्कनबाट प्रदान गर्ने शिक्षकको नेतृत्व क्षमता (पूर्णाङ्क २) वापतको अङ्क सम्वन्धित पक्षबाट मूल्याङ्कन गरी गराई गोप्य सिलबन्दी सहित सबै निवेदक शिक्षकहरुले अनिवार्य रुपमा पेश गर्नु पर्ने ।

४ – निवेदकको निवेदन साथ पेश भएको विद्यालय विकास प्रस्ताव सम्वन्धित शिक्षकहरुबाट समिति समक्ष प्रस्तुतिकरणका लागि माध्यमिक र निम्न माध्यमिक विद्यालयको प्र.अ.को हकमा मिति २०७६।०९।१५ गते दिनको १.०० बजे यस गाउँपालिकामा अनिवार्य उपस्थित भई सहभागी हुने ।

बोधार्थः

श्री महाङ्काल गाउँपालिका स्थित सबै सामुदायिक विद्यालयहरु ललितपुर – उल्लिखित व्यहोरा अवगत गरी त्यस विद्यालयका सम्वन्धित निवेदक शिक्षकहरु , वि.व्य.स.र शिक्षक स्टाफहरुको जानकारीका लागि यो सूचना विद्यालयको सूचनापाटीमा टाँस गर्ने र सो सम्बन्धी अन्य व्यवस्थापकीय कार्य सम्पन्न गरी आवश्यक कागजातहरु समय सीमा भित्र यस गाउँपालिकामा पेश गर्ने व्यवस्था हुन अनुरोध छ ।